# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

खण्ड ९ संख्या ७ मिति २०८२।०२।२९

भाग २

शारदा नगरपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

**शारदा नगरपालिका उत्कृष्ट पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८२**

**शारदा नगरपालिका**

**उत्कृष्ट पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८२**

कार्यपालिकाबाट स्वीकृत मितिः२०८२/०२/२९

प्रमाणीकरण मितिः २०८२/०३/०३

**प्रस्तावनाः** निष्पक्ष, खोजमूलक, विश्लेषणात्मक, उत्तरदायी र व्यावसायिक पत्रकारिताको माध्यमबाट शारदा नगरपालिकाको विकास र समृद्धि, प्रभावकारी सेवाप्रवाह, सुशासन प्रवर्द्धन तथा शारदा नगरपालिकाका जनतालाई सुसूचित गर्न महत्वपूर्ण योगदान पुऱ्याएका सञ्चारकर्मीलाई पुरस्कृत र सम्मान गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी शारदा नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०८० दफा ४ को बमोजिम शारदा नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " शारदा नगरपालिका उत्कृष्ट पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"पुरस्कार"** भन्नाले शारदा नगरपालिका उत्कृष्ट पत्रकारिता पुरस्कार सम्झनु पर्छ।

(ख) **"नगरपालिका"** भन्नाले शारदा नगरपालिका सम्झनु पर्छ।

(ग) **"समिति"** भन्नाले दफा ४ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।

(घ) **"संयोजक"** भन्नाले समितिको संयोजक सम्झनु पर्छ र सो शब्दले संयोजकको अनुपस्थितिमा संयोजकको रुपमा काम गर्ने सदस्यलाई समेत जनाउँछ।

**३. सूचना प्रकाशन र निवेदन मागः** (१) पुरस्कारको लागि पत्रकारबाट निवेदन माग गर्न कार्यनगरपालिकाले पन्ध्र दिनको समय दिई राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना नगरपालिकाको सूचना पाटी र वेवसाईटमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचनामा तोकेको म्यादभित्र दफा ६ बमोजिमको योग्य निवेदकले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन र अनुसूची-२ बमोजिमको स्वःघोषणा पत्र सहित नगरपालिकाले तयार गरेको विद्युतीय माध्यममा प्रविष्टि गर्नु पर्नेछ।

**४. सिफारिस समितिको गठनः** (१) पुरस्कार प्रदान गर्ने प्रयोजनका लागि पत्रकारको नाम सिफारिस गर्न नगरपालिकामा देहाय बमोजिमको एक सिफारिस समिति हुनेछः-

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| (ख) सामाजिक विकास शाखा प्रमुख | -सदस्य |
| (ग) अध्यक्ष, पत्रकार महासंघ सल्यान | -सदस्य |
| (घ) सूचना अधिकारी | -सदस्य |
| (ङ) प्रशासन शाखा प्रमुख | -सदस्य सचिव |

(२) समितिले बैठकमा आवश्यकता अनुसार पत्रकारिता विषयका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।
(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्य तोक्दा पत्रकारिता पुरस्कारको लागि आवेदन नदिएको प्रतिनिधि तोक्नु पर्नेछ।
(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**५. समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
(क) दफा ३ को उपदफा (२) बमोजिम प्राप्त भएका निवेदन र कागजात जाँच गरी पत्रकारको नाम र योगदान सहितको अभिलेख तयार गर्ने,
(ख) पुरस्कार प्राप्त गर्न योग्य पत्रकारको नाम नगर कार्यपालिका समक्ष सिफारिस गर्ने।

**६. पुरस्कार सिफारिसको आधारः** (१) समितिले पुरस्कारका लागि पत्रकारको नाम सिफारिस गर्दा देहाय बमोजिमका आधारमा गर्नु पर्नेछः-
(क) नेपाली नागरिक,
(ख) पत्रकारिता पेशामा आवद्ध भई शारदा नगरपालिकाको आर्थिक, भौतिक, सामाजिक तथा साँस्कृतिक विकासमा अनुसन्धानमूलक लेख, रचना वा श्रव्य दृश्य कार्यक्रमको माध्यमबाट शारदा नगरपालिकालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन योगदान पुयाएको,
(ग) शारदा नगरपालिकामा रहेका विभिन्न जात, जाति, भाषा, धर्म, लिङ्ग, समुदाय, सम्प्रदाय र भूगोलका नागरिक बीच शान्ति, विविधता बीचको एकता र सद्भावको अभिवृद्धि गर्न खोजमूलक तथा विधागत क्षेत्रमा काम गरेको,
(घ) शारदा नगरपालिकामा देखिएका सामाजिक समस्या, कुप्रथा, कुरीति, विकृतिको अन्त्य गर्ने विषयमा लेख रचना प्रकाशन गरी सामाजिक अभियानमा पत्रकारिताको माध्यमबाट सहयोग पुयाएको,
(ङ) शारदा नगरपालिकाको वन तथा बाताबरण संरक्षण र विपद् व्यवस्थापनको क्षेत्रमा सूचना सङ्कलन तथा सम्प्रेषण गरी सहयोग पुऱ्याएको,
(च) पुरस्कार प्राप्त गर्नको लागि पत्रकारिता क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेको र खण्ड (ख), (ग), (घ) र (ङ) मध्ये कम्तीमा एक विधाको विवरण झल्किने गरी कम्तीमा सात अङ्क लेख रचना वा श्रव्य दृश्य साम्रगी प्रकाशित वा प्रसारित गरेको,
(छ) फौजदारी कसुरमा अदालतबाट दोषी ठहर नभएको,
(ज) पत्रकारिता आचार संहिता उल्लंघन नगरेको,
(झ) प्रेस काउन्सिलबाट कुनै पनि प्रकारको कारबाही नभएको।
(२) उपदफा (१) बमोजिमका आधारमा नगर कार्यपालिकाले मूल्याङ्कनको वस्तुगत मापदण्ड र आधार बनाउनु पर्नेछ।
(३) समितिले पुरस्कार वितरणको लागि तिन जना योग्य पत्रकारको नाम कार्यनगरपालिका समक्ष सिफारिस गर्नु पर्नेछ।
**७. पुरस्कारको स्वीकृति तथा वितरणः** (१) समितिले सिफारिस गरेका पुरस्कार प्राप्त गर्न योग्य पत्रकारको नाम नगर कार्यपालिकाले स्वीकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम पुरस्कारको लागि सिफारिस गरेका पत्रकारलाई नगर कार्यपालिकाले महत्वपूर्ण अवसर वा दिवसमा पुरस्कृत गर्नेछ।

**८. पुरस्कारको रकमः** (१) पत्रकारिता पुरस्कार वापत पत्रकारलाई जनही पच्चिस हजार रुपैयाँ रकम र प्रमाणपत्र प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकममा प्रचलित कानून बमोजिम कर लाग्नेछ।

**९. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची-१

**(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)**

**शारदा उत्कृष्ट पत्रकारिता पुरस्कारको लागि पेश गर्ने निवेदनको ढाँचा**

**श्री शारदा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय खलंगा, सल्यान ।**

शारदा नगरपालिका पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८२ बमोजिम शारदा नगरपालिका पत्रकारिता पुरस्कार प्राप्त गर्न देहायको विवरण सहित यो निवेदन पेश गरेको छुः-

(१) निवेदकको नामः

(२) ठेगानाः

(३) सम्पर्क नम्बरः

(४) मितिः

**संलग्न कागजातः**

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) पत्रकारिता पेशामा आवद्ध भएको प्रमाण खुल्ने प्रमाणित कागजात,

(३) दफा ६ को उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ) वा (च) मा उल्लेख भएका आधार पुष्टी गर्ने लेख रचना वा श्रव्य दृश्य कार्यक्रमको अभिलेख,

(४) स्वःघोषणा-पत्र,

(५) व्यक्तिगत विवरण (बायोडाटा)

निवेदक

नामः

हस्ताक्षरः

ठेगानाः

फोन नंः

इमेलः

अनुसूची-२

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**स्वःघोषणा-पत्रः**

जिल्ला......................... गा.पा./न.पा................................. छोरा/छोरी वर्ष ..... को म वडा नं. ...बस्ने श्री को वर्षदेखि पत्रकारिता पेशामा आवद्ध छु। मैले विगत हालसम्म पत्रकार आचारसंहिताको पूर्ण पालना गरिरहेको, प्रेस काउन्सिलबाट कारवाही नभएको र कुनै किसिमको फौजदारी कसुरमा दोषी ठहर भई सजाय नपाएको व्यहोरा स्वःघोषणा गर्दछु।

निवेदक

नामः

हस्ताक्षरः

ठेगानाः

फोन नं.:

इमेलः

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत